प्रदेश सरकार
लुम्बिनी प्रदेश
कृषि, खाद्य प्रविधि तथा भूमि व्यवस्था मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
रोल्पा

फोन/फ्याक्स नं. ०८६-४४००५६
फोन ०८६-४४०३३२
E-mail: vethosrolpa@gmail.com
www.rolpa.vethos.gov.np

प.स.२०७८/०७९
च.नं.

# प्रस्ताव आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०७८/०९/०८ गते**

भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र रोल्पाको चालू आ.व. २०७८/७९ को स्विकृत बार्षिक कार्यक्रम अन्तर्गत तपशिल वमोजिमका कार्यक्रमहरु लागत साझेदारीमा संचालन गर्न ईच्छुक आवेदकहरुका लागी यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र ( मिति २०७८/०९/२२ गते भित्र ) तोकिए बमोजिमका आवश्यक कागजपत्रहरु संलग्न गरी प्रस्ताव पेश गर्न यो सूचना प्रकाशन गरिएको छ । प्रस्ताव साथ पेश गर्नु पर्ने निवेदनको ढाँचा, प्रस्तावको ढाँचा, संलग्न गर्नु पर्ने कागजात, मापदण्ड, कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालन कार्यविधि-२०७८ लगायत आवश्यक विवरणहरु यस कार्यालयको सूचनापाटी/वेवसाईट www.rolpa.vethos.gov.np वा सम्बन्धित पालिकावाट समेत प्राप्त गर्न सकिनेछ । रित नपुगेका वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौटका लागि समावेश नहुने व्यहोरा समेत जानकारी गराइन्छ।अन्य जानकारीको लागी यस कार्यालयको फोन नं.०८६४४०३३२ वा सूचना अधिकारीको सम्पर्क नं. ९८५७८७७०२६ मा सम्पर्क राख्नु हुन अनुरोध गरिन्छ।

तपसिल

| क्र.स. | कार्यक्रम | सञ्चालन गर्न सकिने कृयाकलापहरु | न्यूनतम मापदण्ड | सञ्चालन हुने क्षेत्र | आवेदकको किसिम | अनुदानको सीमा |
|---|---|---|---|---|---|---|
| १ | घाँसको स्रोत केन्द्र स्थापना- २ वटा ( जम्मा वजेट रु.५ लाख ) | नर्सरी स्थापना, विषादी तथा उपकरण र अन्य सामग्री खरीद, सकर, कटिङ सिचाई विउ, स्लिप, सेट्स होडिङ वार्ड | १.उत्पादन बिक्री वितरण अभिलेख<br>२.पाँच वर्षसम्मको निरन्तरता प्रतिद्धता<br>३.अनुसूची-१५ अनुसारको घाँस खेती<br>४.वर्षे तथा बहुवर्षे भुईघाँसको हकमा ४० रोपनी<br>५.सेट्स/ स्लिप/ सकर/ कटिङ उत्पादनको हकमा १० रोपनी<br>६.डालेघाँसको वेर्ना उत्पादनको हकमा ५ रोपनी | जिल्ला भरी | कृषक/ समुह/ समिति/ सहकारी/ फार्म | कृषकको २५% लागत साझेदारीमा सञ्चालन हुने ।प्रति कार्ययोजना वढीमा २५० हजार |
| २ | कोभिड विशेष मागमा आधारित पशुपन्छी तथा मत्स्य विकास कार्यक्रम ( जम्मा वजेट रु.२५ लाख ) | १.पशुपन्छी तथा मत्स्यपालन व्यवसायको उत्पादन<br>२.प्रशोधन तथा वजारीकरणका लागी सहयोग पुग्ने कार्यक्रम सञ्चालन गर्नु पर्ने । | १.विगत ३ वर्षदेखि एकाघरको सदस्यले कुनै पनि अनुदान नपाएको ।<br>२.कम्तिमा दुहुनो गाई भैसी २ वटा, वाख्रा,/ भेडा/ वंगुर ५ वटा, स्थानिय पन्छी १०० वटा , माछा २०० देखि ५०० बर्ग मि. जलाशयमा पालन भएको हुनुपर्ने । | जिल्ला भरी | पशुपन्छी तथा मत्स्य पालक कृषक | कार्ययोजना अनुसार अधिकतम ५०% वा वढीमा रु.५० हजार |
| ३ | ग्रामीण कुखुरापालन विस्तार कार्यक्रम - २ गोटा (जम्मा वजेट रु.१० लाख) | १.खोर सुधार वा निर्माण<br>२. आहारा तथा उपकरण<br>३.खोप उपचार | दलित, महिला, पिछडा वर्ग, जनजाति<br>कलष्टरमा कम्तिमा २५ जनाको समुह हुनुपर्ने । | जिल्ला भरी | कम्तिमा २५ सदस्यीय समुह | ८५% अनुदान लागत साझेदारीमा सञ्चालन हुने |
| ४ | प्राङगारिक उत्पादनका लागि भकारो वा गोठ सुधार कार्यक्रम (जम्मा वजेट रु.१० | १.फ्लोर निर्माणका लागी आवश्यक सामग्री तथा ज्याला र छानो<br>२.मुत्र संकलन ड्रम/ ट्याङ्की | कम्तिमा २ दुधालु पशुपालन गरेको कृषक हुनु पर्ने । | जिल्ला भरी | कृषक/ समुह/ फार्म | प्रति कार्ययोजना बढीमा ७५% वा अधिकतम रु. १ लाख |

कार्यालय प्रमुख

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | लाख ) | | | | | |
| ५ | चिसोपानीमा माछापालन कार्यक्रम- २ वटा ( जम्मा वजेट रु.२० लाख ) | १.चिसोपानीमा वृद्धि विकास हुने माछाहरु( रेन्बो ट्राउट, असला, गर्दी, सहर कत्ले) उत्पादन गर्नुपर्ने<br>२.कम्तिमा १०० वर्ग मिटर क्षेत्रफलमा कम्तिमा ४ वटा रेसवे निर्माण गर्नु पर्ने ।<br>३.ह्याचरीको हकमा उपयुक्त आकारमा कम्तिमा ३०० के.जी. पोथी माउ र ४५० गोटा भाले व्यवस्थापन गरी वार्षिक २ लाख मत्स्य बिज बिक्री वितरण गर्नु पर्ने । | १.निरन्तर वगीरहने चिसो ( ७ देखि २० डिग्री ) पानीको स्रोत हुनु पर्ने ।<br>२.वर्षभरी ४ ईन्च नघट्ने गरी पानीको श्रोतको व्यवस्थापन भएको र मूलको पानीलाई प्राथमिकता दिईनेछ।<br>३.पानीको तापक्रम प्रचण्ड गर्मीमा २० डि.से ननाघ्ने र जाडोमा ७ डि.से.नघट्ने हुनुपर्ने ।<br>४.बाटो घाटो र विजुली पहुँच भएको । | जिल्ला भरी | फार्म/ समुह/ सहकारी | प्रतियोजना लागतको ५०% वा रु.१० लाख ( कुल लागतको ८०% भौतिक संरचना र बाँकी रकम आवश्यक अन्य व्यवस्थपन खर्च ) |
| ६ | मिल्क एनालाईजर वितरण-२ वटा ( जम्मा वजेट रु.२.५ लाख ) | कम्प्युटर सहितको मिल्क एनालाईजर सेट खरिद गर्ने । | दैनिक २०० लिटर दुध संकलन भएको हुनु पर्ने । | जिल्ला भरी | दुग्ध सहकारी, नीजि डेरी | प्रति कार्ययोजनाको ५०% वा १.२५ हजार । |
| ७ | च्याप कटर वितरण- ५ वटा ( जम्मा वजेट रु.१.२५ लाख ) | स्वीकृत कार्ययोजना र स्पेशिफिकेशन बमोजिम ईलेक्ट्रिक च्यापकटर खरिद र सदुपयोग | व्यवसायिक रुपमा पशुपालन गरी दुध उत्पादन र बजारीकरणमा संलग्न । | जिल्ला भरी | व्यवसायिक फार्म/ समुह/ सहकारी | प्रति कार्ययोजनाको ५०% वा २५ हजार |
| ८ | व्यवसायिक बंगुर उत्पादन प्रवर्द्धन कार्यक्रम ( जम्मा वजेट रु.१६ लाख ) | १.खोर निर्माण/ सुधार<br>२.मेशिनरी औजार<br>३. आहारा तथा नश्ल सुधार<br>४.औषधि तथा खोप<br>५.जैविक शुरक्षा | फार्म/ उद्यमी कृषकले कम्तिमा १० वटा माउ बंगुरपालन गरेको । | जिल्ला भरी | कृषक फार्म/ उद्यमी | प्रति कार्ययोजनाको ५०% वा अधिकतम रु.२ लाख |
| ९ | वाख्रा प्रवर्द्धन कार्यक्रम( जम्मा वजेट रु.१६ लाख ) | १.खोर निर्माण/ सुधार<br>२.मेशिनरी औजार<br>३. आहारा तथा नश्ल सुधार<br>४.औषधि तथा खोप<br>५.जैविक शुरक्षा | फार्म/ उद्यमी कृषकले कम्तिमा २५ वटा माउ वाख्रापालन गरेको । | जिल्ला भरी | कृषक फार्म/ उद्यमी | प्रति कार्ययोजनाको ५०% वा अधिकतम रु.२ लाख |
| १० | गाईभैसी प्रवर्द्धन कार्यकम ( जम्मा वजेट रु.१६ लाख ) | १.गोठ निर्माण/ सुधार<br>२.मेशिनरी औजार<br>३. घाँस तथा आहारा<br>४.औषधि तथा खोप, तथा जैजिक शुरक्षा | फार्म/ उद्यमी कृषकले कम्तिमा ५ वटा माउ गाई वा भैसीपालन गरेको । | जिल्ला भरी | कृषक फार्म/ उद्यमी | प्रति कार्ययोजनाको ५०% वा भैसीका लागी रु.२ लाख र गाईको लागी रु.१ लाख |
| ११ | स्टेनलेस स्टिल मिल्क क्यान वितरण( जम्मा वजेट रु.४.८ लाख ) | स्टेनलेस स्टिल मिल्क क्यान खरिद ( २०-४० लि. क्षमता ) | दैनिक दुध उत्पादन कम्तिमा २०-४० लि. हुनुपर्ने | जिल्ला भरी | कृषक / फार्म | ७५% लागत साझेदारी अधिकतम ५ वटा प्रति प्रस्तावक |
| १२ | प्रतिफलमा आधारित प्रोत्साहन अनुदान | दुधमा प्रति लि. २।- रुपैया, खसीबोकाको मासुमा प्रति के.जी. २५।- रुपैया, राँगो प्रति के.जी.१५।- बंगुरको मासुमा २०।- र माछा प्रति के.जी.१०।- | उत्पादन प्रवर्द्धन आधारित कृषक सहयोग कार्यक्रम संचालन कार्यविधि-२०७६ को दफा ५ सि.नं.३.४ र ५ अनुसार ( संशोधन सहित ) | जिल्ला भरी | सहकारी / निजी डेरी | |

नि. कार्यालय प्रमुख

संलग्न गर्नु पर्ने कागजातहरू:

१. प्रस्तावकको निवेदन
२. दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि (समुह/नीजि फर्म/कम्पनी/सहकारी)
३. स्थायी लेखा नम्बर प्रमाण-पत्र तथा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको प्रतिलिपि (निजी फर्म/कम्पनी/सहकारी)
४. कृषक तथा कृषक समूहको हकमा स्थायी लेखा नम्बर तथा गत आर्थिक बर्षको कर चुक्ता प्रमाण-पत्रको को प्रतिलिपि (**छनौट भएमा सम्झौता पूर्व अनिवार्य पेश गर्नु पर्ने**)
५. कार्यक्रम सञ्चालनको लागि कार्ययोजना सहितको प्रस्ताव (कार्यक्रमको प्रकृति अनुसार)
६. सम्बन्धित स्थानीय तहको सिफारिस पत्र
७. प्रस्ताव स्वीकृत गरी अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि
८. प्रस्ताव पेश गर्नेको नागरिकताको प्रतिलिपि
९. निर्माण गरिने पूर्वाधारको हकमा लागत अनुमान तथा नक्सा
१०. जग्गा धनी दर्ता प्रमाण-पुर्जाको प्रतिलिपि वा जग्गा भाडामा लिई कार्यक्रम सञ्चालन गर्नेको हकमा १० वर्षको करार पत्र)
११. जग्गा कर (तिरो) तिरेको रसिदको प्रतिलिपी

**नोटः गत दुई आ.ब. मा सोही प्रकृतिको अनुदान प्राप्त प्रस्तावहरु सोही प्रकृतिको अनुदान कार्यक्रममा समावेश गरीने छैन ।**

गिरि बहादुर घर्तिमगर
अधिकृत छैठौं
कार्यालय प्रमुख